## सूचना ३

ऋण तथा जमानत ऐन (संशोधन सहितको), २०२५ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी विराटनगर जूट मिल्सलाई किसानहरूबाट जूट खरीद गर्न श्री ५ को सरकार अर्थ मन्त्रालयको जमानतमा नेपाल बैङ्क लि. बाट उपलब्ध गराएको ऋण रू. ३,००,००,०००।– (तीन करोड) मा लाग्ने जमानत कमिशन पूर्णरूपले छुट दिने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पर्यटन विभागले पर्यटन प्रवर्द्धन गर्नको लागि पर्यटकहरूलाई निःशुल्क वितरण गर्न पाकिस्तानबाट छपाई आयात गरेको ७५००।७५०० प्रति जर्मन र फ्रेन्च भाषाको फोल्डरको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्री कर पूर्णरूपमा छट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सातौं योजना अवधिभित्र नेपाल औद्योगिक विकास कर्पोरेशनले जारी गर्ने रू. ३० करोड ऋणपत्रमा लगानी गरी आर्जन गरेको व्याजमा पूर्णरूपले आयकर छुट दिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

390